


# नमस्कार

**<u>प्रस्तोता</u>**

टेक बहादुर रोकाय

वडा सचिव




मुसिकोट नगरपालिका
वडा नं. ९

# मुसिकोट नगरपालिका वडा नं. ९ को संक्षिप्त परिचय

मुसिकोट नगरपालिका वडा नं. ९ नगरपालिका केन्द्र देखि दक्षिण पूर्वमा करिव १२ की.मी. दुरिमा रहेको छ । यस वडा साविकको चौखाबाङ्ग गाविस वडा नं. 1,2,4 र 5 लाइ गाभेर निमार्ण गरिएको हो । वडाले संकलन गरेको नयाँ तथ्याङ्क अनुसार यस वडाका ४१० घरधुरीमा २२१६ जनाको बसोबास रहेको छ जस्मा महिलाको जनसंख्या १०६६ जना र पुरुषको जनसंख्या ११५० जना रहेको छ । यस वडाका केही भुभाग उत्पादशिल र उब्जाउ रहेता पनि वडाका अधिकांश भूभाग पहाडि र भिरालो रहेकाले खेतिपातिको लागि त्यति उपयोगी छैन । यस वडाको भुगोल मुसिकोट नगरपालिकाका अन्य वडाको तुलना विकट रहेकाले पनि अन्य वडाको तुलनामा यस वडाका नागरिकको जिवनस्थर कष्टपूर्णनै छ । यो वडा मुसिकोट नगरपालिकाका अन्य वडाको तुलनामा भुगोलको क्षेत्र र जनसङ्ख्याका आधारमा सानो वडा हो । सानो वडा भएता पनि यस वडा प्राकृतिक स्रोतसाधनले भरिपूर्ण छ । यहाँका विभिन्न खोला नाला, वन जंगल, उचाइ अनुसारको खेतीपाति तथा बालिनालि लगाउने प्रणालिमा विविधता, हावापानिमा विविधता, परम्परागत पानि घट्ट, ऐतिहासिक स्थल कुप्रेकोट डाँडा तथा उक्त डाँडामा हरेक वर्ष लाग्ने मेला र कम्युनिष्ट पार्टिका धरोहर महान शहिद कामी बुढाको कर्मस्थल लगायतका विशेषताले साँचिकै यस वडाको गरिमा बढाएको छ । यस वडामा बसोबास गर्ने मुख्य जातिहरुमा ब्राहमण, क्षेत्री, जनजाति र दलितहरु हुन ।यसरी वडामा विभिन्न जातजातिहरुको बसोबासले जाति अनुसारका फरक रितिरिवाज, चालाचलन, संस्कार, लवाइ खुवाइ रहेता पनि चाडपर्वको हिसावले दशैँ, तिहार, तीज, फागु पुर्णिमा, माघे संक्रान्ति, जनै पूर्णिमा र चैते दशै जस्ता पर्वहरु साझा जस्तै हुन । यस वडामा उत्पादन हुने मुख्य खाद्यन्न बालि अन्तर्गत मकै, धान, गहु र जौँ दलहन बालि अन्तर्गत मसुरो, केराउ, भटमास आदि हुन त्यस्तै तेलहन बालि अन्तर्गत तोरी, रायो, सर्सु हुन, नगदे बालिमा अदुवा र अलैची नै मुख्य हुन भने फलफुल अन्तर्गत सुन्तला, मौसम र कागतिको राम्रो उत्पादन हुने गर्दछ । पशुपालन गर्न आवश्यकिय वातावरण पनि यस वडामा मध्यम खालकै मानिन्छ । यस वडामा पशुपालन तर्फ मुख्य पालिने पशूहरु भनेका भैँसी, गाइ, गोरू, भेडा र बाख्राहरु हुन ।

यस मुसिको नगरपालिका वडा नं. 9 मा संचालन भएका मुख्य योजना तथा कार्यक्रमहरु एक घर एक धारा निमार्ण, सहकारी नमूना गाउँ निर्माण तथा संचालन, चुनखोला पहिलो र चुनखोला दोश्रो लघुजल विद्युत आयोजनाहरु, सितपोखरी-झुल्खेत-होल्तारा-चुन सडक खण्ड, झुल्खेत-हिल-गरिनेटा सडक खण्ड र झुल्खेत-चौखाबाङ्ग-खर्सुपानि सडक खण्ड, होल्तारामा ट्रस पुल निर्माण, विभिन्न साना सिँचाइ आयोजनाहरु र विभिन्न समयमा वडा कार्यालयले आयोजना गर्ने सेवा सहितको नागरिको घरदैलो कार्यक्रमहरु नै प्रमुख हुन ।

मुसिकोट नगरपालिका वडा नं. ९ मा नयाँ व्यवस्था अनुसार निर्वाचित भएर जनप्रतिनिधि आए पछि विगत ३ वर्षमा वडामा भए गरेका सपूर्ण कामहरुको संक्षिप्त विभरण, विभिन्न निकायबाट विनियोजन भइ आएको वजेटबाट कार्यान्वयन भएका योजनाहरु / र वडामा योजना कार्यक्रम संचालन तथा सम्पन्न गर्दा ताका खिचिएका फोटाहरुको संग्रह यस मुनि प्रस्तुत गरिएको छ ।

# मुसिकोट नगरपालिका वडा नं. ९ मा निर्वाचन भए पछि भएका कामहरु

आ.व. २०७४/०७५

(क) कार्यान्वयन भएका योजनाहरु

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| (क) | सडक | ५०,००,०००।- | मुसिकोट नगरपालिका |
| १ | झुल्खेत ह्लिल गरिनेटा सडक निर्माण | २५,००,०००।- | मुसिकोट नगरपालिका |
| २ | झुल्खेत चोखाबाङ्ग खर्सुपानी सडक निर्माण | २५,००,०००।- | मुसिकोट नगरपालिका |
| (ख) | भवन | २९,००,०००।- | |
| १ | होलको विद्यालयको भवन निर्माण | ५,००,०००।- | मुसिकोट नगरपालिका |
| २ | तरकारी संकलनकोलागि भवन निर्माण | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ३ | चोखाबाङ्ग गाउँघर क्लिनिक भवन निर्माण | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ४ | महिला सहकारीको भवन निर्माण | २,००,०००।- | मुसिकोट नगरपालिका |
| ५ | होल विद्यालयको भवन निर्माण | १६,००,०००।- | संघीय सरकार |

Activate Window
Go to Settings to activ

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| (ग) | खानेपानी तथा सरसफाइ | १७,००,०००।- | |
| १ | सानोखोला अदुवारी खानेपानी योजना निर्माण | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| २ | दल्लुपानी हिल खानेपानी मर्मत योजना | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ३ | कालेगैरा स्वारा कून्सीम्ला खानेपानी मर्मत योजना | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ४ | दलुगैरा खानेपानी मर्मत योजना लिङ्गुर | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ५ | बागरपानी डाडाँटोल खानेपानी मर्मत योजना होल | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ६ | चोखाबाङ्ग विधालयको खानेपानी मर्मत | २,००,०००।- | मुसिकोट नगरपालिका |
| (घ) | सिंचाई | १२,००,०००।- | |
| १ | पाखेपानी बल्चौर सिचाइ मर्मत | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| २ | पधेरीखोला लालीबाङ्ग सिँचाई मर्मत | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ३ | काउलेखोला चिउरबोट कून्सीम्ला सिचाई मर्मत | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| ४ | तल्लो होल सिँचाई मर्मत | ३,००,०००।- | मुसिकोट नगरपालिका |

Activate Windows
Go to Settings to activate

| म | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| (ङ) | लघु जलविद्युत | १४,००,०००/- | |
| १ | चुनखोला पहिलो लघु जलविद्युत आयोजना मर्मत | ४,००,०००/- | मुसिकोट नगरपालिका |
| २ | चुनखोला दोश्रो लघु जलविद्युत आयोजना मर्मत | ४,००,०००/- | मुसिकोट नगरपालिका |
| ३ | लघु जलविद्यु आयोजना मर्मत | ६,००,०००/- | मुसिकोट नगरपालिका |
| (च) | विविध | १९,००,०००/- | |
| १ | कुप्रेकोट डाँडामा मन्दिर तथा भ्यूटावर निर्माण | ५,००,०००/- | मुसिकोट नगरपालिका |
| २ | होल्तारा अदुवारी गोरेटो बाटो निर्माण | १,५०,०००/- | मुसिकोट नगरपालिका |
| ३ | युवा तथा खेलकूद | १,००,०००/- | मुसिकोट नगरपालिका |
| ४ | कृषि महासंघको कार्यालय व्यवस्थापनको | ५०,०००/- | मुसिकोट नगरपालिका |
| ५ | आमा समुहलाई चुलोमा अनुदान | ६,००,०००/- | मुसिकोट नगरपालिका |
| ६ | नगरपालिकाबाट थप अनुदान | ५,००,०००/- | मुसिकोट नगरपालिका |

**आ.व. २०७४/०७५ मा जम्मा १,४१,००,०००/- बजेटमा कार्यान्वय भएका जम्मा योजना २६ वटा**

Activate Windows
Go to Settings to activate

## (ख) वडा कार्यालयको सक्रियतामा आ.व. २०७४/०७५ मा भएका कामको संक्षिप्त विभरण

१. निर्वाचित भए पछी २०७४ साल असार १ गते देखि होल्तारामा वडा कार्यालय स्थापना विधिवत रुपमा कामकाजको थालनि गरिएको,

२. आ.व. २०७४÷०७५ मा जम्मा रु.१,४१,००,०००।– का २६ वडा योजनाहरु कार्यान्वय भएको,

३. वडाको अगुवाइ र विभिन्न निकायहरुको सहकार्यमा एकीकृत घुम्ती सेवा अभियान, २०७४ संचालन गरी १७२ जना जेष्ठ नागरीकको स्वास्थ्य परीक्षण तथा निशुल्क औषधि वितरण र २४६ जना ब्यक्तिको घर जग्गाको जम्मा रु ६६,५४३।– राजश्व संकलन गरिएको,

४. वडा कार्यालयका फ्रि वाइ फाइ सञ्चालनमा ल्याएको,

५. वडाका विभिन्न गाउँ तथा टोलहरुमा गएर अभियानके रुपमा पहिलो र दोश्रो चौमासिकको सामाजिक सुरक्षा भत्ता वितरण र जेष्ठ नागरीकको स्वास्थ्य परीक्षण गरी निशुल्क औषधि वितरण गरेको,

६. सामाजीक सुरक्षा भत्तता पाउने लाभग्राहीले सामाजिक सुरक्षा भत्ता बैकं मार्फत भुक्तानी पाउने भए पछी लाभग्राहीको सहजतताको लागि वडा कार्यालय मार्फत नै बैकं खाताको फारम भर्नेको व्यवस्था मिलाएको,

७. वडामा कार्यरत सरकारि तथा गैर सरकारी संघ संस्थाका सहजकर्ता हरु र वडाका जनप्रतिनिधि तथा कर्मचाहरुसँग सयुक्त रुपमा बैठक बसी हाल सम्मको अबस्था र आगामी कामको बारेको छलफल गरीयो,

८. वडाबाटै पशु पन्छिको चेकजाँच तथा औषधी वितरणको लागि भेटनरीको स्थापना गरी सञ्चालनका ल्याएको,

९. वडा कार्यालयमा दैनीक का.स. सँग सम्बन्धित कामकाज गर्नको लागि कार्यालय सयोगी छनोट गरी काममा लगाएको,

१०.नगरपालीकाको आर्थिक हसयोगमा वडामा रहेका जेष्ठ नागरीक जम्मा ४५ जना लाई वडा कार्यालयमा सम्माण गरीएको,

११. स्वास्थ्य विमा कार्यक्रम वडामा लागु गरी सञ्चालनमा ल्यायको,

१२. वडामा रहेका विद्यालयका प्रधानध्यापक हरु सगँ सयुक्त बैठक बसी आगामी शिक्षाको बारेका ब्यापक छलफल गरी आवश्यक निर्णय गरीएको,

१३. वडामा रहेका हजार दिने बच्चाका आमा हरु २० जना लाई ५ वटाका दरले कुखुरा वितरण र ८ जना लाई पोषीलो झोला वितरण गरिएको,

१४.नगरपालीकाले आयोजना गरेको विभिन्न शिपमुलक कार्यक्रममा वडा बाट १० जनालाई सहभागी बनाएको,
१५. खोप दिगोपनाको लागी खोप सर्वेक्षण अभियान संचानल गरेको,
१६. वडामा रहेका विद्यालयका शिक्षकहरु, विद्यालय व्यबस्थापन समीतिका पदाधिकारीहरु, अविभावक संघका पदाधिकारीहरु र शिक्षा प्रति सरोकार राख्ने समुदायहरुको सहभागीतामा वडा स्थरीय सयुक्त भेला गरी आगामी दीनमा शिक्षालाई गुणस्तरीय बनाउनको लागी वडा स्तरीय आचार संमिता निर्माण गरी कार्यान्वियन गर्ने प्रतिबद्घा जाहेर गराएको,
१७. वडामा शिक्षालाई निरन्तरता दीने उदेश्यले ३ ठाउँमा प्रोढ शिक्षा संचालन गरेको ,
१८. वडामा क्षेयरोण सम्बन्धि २ दीने निशुल्क स्वास्थ्य सिविर संचालन गरेको,
१९. वडाको दुर्गम ठाउँ वा बाटो नपुगेको स्थानमा स्टेचर २ वटा विद्यालयमा डस्वीन वितरण गरेको,
२०. घर आगलागी भई क्षेति भएका घर परीवारलाई राहात स्वरुप प्रतिनिधिहरुले व्यक्तिगत रुपमा एक एक हजार रुपैया उठाएर रु ५ हजार हिलका तुल बहादुर बुढा लाई दीएको,
२१. वडा कार्यालयमा विभिन्न शिर्षकमा आएका मुद्दा वा निवेदनहरु १७ वटा आएको जस मध्ये १३ वटाको मिलापत्र गराइयो भने ४ वडा निवेदन छलफलकै प्रक्रीयामा रहे,
२२. वडामा आ व २०७४।७५ को जम्मा राजश्व संकलन जम्मा रु १,५०,०२५।– नगरपालीकाको संचित मुल खातामा जम्मा गरीएको,
२३. वडामा वडा समितिको बैठक आ व २०७४।७५ मा जम्मा ३६ वटा बसी बैठकमा भएका विभिन्न निर्णयहरु कार्यान्वियन गरीएको,
२४. आ व २०७४।७५ को अवधिमा विभिन्न शीर्षकमा विभिन्न व्यक्तिलाई जम्मा २८० वटा सिफारीस दीएको,
२५. आ व २०७४।७५ को अवधिमा ६२ जना लाई नागरीकताको सिफारीस गरेको,
२६. वडामा पञ्जीकरण तर्फ आ व २०७४।७५ को अवधिमा जन्म दर्ता ११३ जना विवाह दर्ता ९ जना सम्वन्ध विच्छेद ३ जना मृत्यु दर्ता ६ जना गरी जम्मा १३१ जना लाई सेवा प्रदान गरीएको
२७. वडामा जान्नेमान्ने व्यक्तिहरुको भेला प्रस्चात टोल टोलमा गएर टोल विकास संस्था गठन गरेको,
२८. वडामा रहेका ४ वटा टोल विकास संस्थाको भेला गरेर आ.व. २०७५।७६ को लागी टोल स्थर बाट योजनाहरुको छनोट गरेको
२९. आ.व. २०७५।७६ को लागी वडा स्थरीय भेला गरी योजनाहरुको छनोट गरी नगरपालीकाको नगर परीषदमा पेश गरी ३५ लाख का योजनाहरु स्वीकृत बनाएको ।

*आ. व. २०७५/०७६*

*(क) कार्यान्वयन भएका योजनाहरु*

| क्र. सं. | | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|---|
| (क) | | शिक्षा | १७,५०,०००।- | |
| | १ | जनशिक्षा आधाभूत विद्यालय चौखाङ्गमा घेरबार तथा फर्निचर खरिद | ७,००,०००।- | मुसिकोट नगरपालिका |
| | २ | जुवाला आधारभूत विद्यालय हिलमा घेरबार तथा फर्निचर खरिद | ५,००,०००।- | मुसिकोट नगरपालिका |
| | ३ | वडा नं. ९ का सबै विद्यालयहरुमा कृप्यूटर, प्रीन्टर, ई-हार्जीरी लगायतका आवश्यक सामान खरिद | ४,००,०००।- | मुसिकोट नगरपालिका |
| | ४ | होलको विद्यालय मर्मत | १,५०,०००।- | प्रधान्मन्त्री रोजगार |
| (ख) | | लघु जलविद्युत | १०,८०,०००।- | |
| | १ | चुनखोला दोश्रो लघु जलविद्युत मर्मत तथा फलामे पोल खरिद | ५,००,०००।- | मुसिकोट नगरपालिका |
| | २ | चुनखोला पहिलो लघु जलविद्युत मर्मत तथा फलामे पोल खरिद | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| | ३ | २ वटा लघु जलविद्युत मर्मतको लागि थप रकम नगरपालिकाबाट | २,८०,०००।- | मुसिकोट नगरपालिका |

| क.सं. | | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|---|
| (ग) | | सडक तथा पुल निर्माण | ३५,००,०००।- | |
| | १ | झुल्खेत हिल खर्चिबाङ्ग गरिनेटा सडक मर्मत | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| | २ | झुल्खेत चोखाबाङ्ग असेपानी टिलाडाँडा सडक मर्मत | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| | ३ | दुई वटा सडक मर्मतको लागि थप बजेट | १९,००,०००।- | प्रदेस सरकार |
| | ४ | होल्तारामा ट्रस पुल निर्माण | १०,००,०००।- | प्रदेस सरकार |
| (घ) | | भवन निर्माण | ६,५०,०००।- | |
| | | कुर्न्सीम्लामा सचेतना केन्द्रको भवन निर्माण | ५,००,०००।- | मुसिकोट नगरपालिका |
| | | कुर्न्सीम्लामा सचेतना केन्द्रको भवन निर्माण थप बजेट | १,५०,०००।- | प्रधान्मन्त्री रोजगार कार्यक्रम |
| (ङ) | | सिँचाई | ८,००,०००।- | |
| | १ | दुई वटा सिँचाई मर्मत | ५,००,०००।- | प्रदेश सरकार |
| | २ | बाबांग अदुवारी सिँचाइ योजना निर्माण | ३,००,०००।- | मुसिकोट नगरपालिका |

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| (च) | विविध | ४३,२०,०००।- | |
| १ | नमूना सहकारी गाउँ स्थापना तथा संचालन | ४०,००,०००।- | प्रदेस सरकार |
| २ | वाइफाइ मर्मत तथा वाईफाइ शूल्क भुक्तानी | २०,०००।- | मुसिकोट नगरपालिका |
| ३ | वडाकार्यालयमा सोलार खरिद | २,००,०००।- | मुसिकोट नगरपालिका |
| ४ | युवा तथा खेलकूद | १,००,०००।- | मुसिकोट नगरपालिका |

आ.व. २०७५/०७६ मा जम्मा १,२१,००,०००।- बजेटमा कार्यान्वय भएका जम्मा योजना १९ वटा

## (ख) वडा कार्यालयको सक्रियतामा आ.व. २०७५÷०७६ मा भएका कामको संक्षिप्त विभरण

१. आ.व. २०७५÷०७६ को अवधिमा ९ नं. वडाका लागि विभिन्न निकायबाट विनियोजित  जम्मा १,२१,००,०००।– बजेटबाट १९ वटा योजना कार्यान्वय  गरिएको ,

२. वडाका विभिन्न ५ वटा टोलमा वडा कार्यलयको अगुवाइ र चौखाबाङ स्वास्थ्य चौकी र पशु सेवा शाखाको सहकार्यमा एकीकृत घुम्ती सेवा अभियान, २०७५ संचालन गरिएको थियो । उक्त घुम्ती सेवा अभियानबाट तपशिल बमोजिमका सेवा ग्राही लाभान्वित भएका थिय,

१ विभिन्न खाले व्यक्तिगत सीफारीस १० जना ले प्राप्त गरेको,
२ नेपाली नागरीकताको सीफारिस ५ जनाले प्राप्त गरेका,
३ नेपाली नागरीकताको प्रतिलिपीको सीफारीस ३ जना ले प्राप्त गरेको,
४ जन्म दर्ता २५ जनाको गरिएको,
५. मृत्यु दर्ता २ जनाको गरी दिएको,
६. विवाह दर्ता २ वटा गरिएको,
७. सामाजिक सुरक्ष भत्ता पाउन योग्य लाभग्राहीको निवेदन संकलन ९ जनाको गरिएको
८. २३५ जनाको निशूल्क स्वास्थ्य परिक्षण गरी ओषधी वितरण गरिएको,
९.जम्मा ८५ वटा खसी र १५ वटा गोरु बनाएको,
१०. २४५ घर परिवारका पशु पन्छीको चेकजाँच गरी औषधि वितरण गरिएको,
११. ३१५ जना घर जग्गा धनीबाट जम्मा रु १,२५,३०९।– घर जग्गाको कर (राजश्व) संकलन गरिएको ।

३. वडा कार्यालयको सक्रियतामा आ.व. २०७५।७६ को अवधिमा राजश्व संकलन जम्मा रु. १,७२,७१६।– गरी नगरपालिकाको संचित मूल खातामा रकम जम्मा गरिएको,

४. वडाबाट आगामी योजना बनाउन सहजताको लागि वडामारहेका ५ वटै टोलको बस्तुगत विवरण संकलन गरेको,

५. बैंक खाता नखोलेका तर सामाजीक सुरक्षा भत्ता पाउने लाभग्राहीको भत्ता वडा कार्यालयमा ल्यायर वितरण गर्ने व्यवस्था मिलाएको,

६. प्रधान्मन्त्री रोजगार कार्यक्रम प्रयोजनका लागि वडामा रहेका बेरोजगार व्यक्तीहरुले वडा कार्यालयमा दिनु पर्ने निवेदन नागरिकको सहजताका लागि वडाका टोल टोलमै गयर निवेदन भरायर संकलन गर्ने काम गरिएको,
७. वडा भित्र रहेका खोलाहरुले आवात जावात गर्न समस्या बनाए पछि वडाका ३ स्थानमा ३ वटा काठेपुल गरेको,
८. आ.व. २०७५÷०७६ को अवधिमा वडाका विभिन्न स्थानमा आएको बाढि पहिरोका कारण क्षति भएको स्थानको स्थलगत अनुगमन तथा निरीक्षण गरी विभरण संकलन गरी राहतको लागि सम्बन्धित निकायमा सिफारिस गरिएको,
९. वडाका रहेका ४ जना टुहुरा बालबालिकालाई शैक्षिक सामाग्रीहरु उपलब्ध गराएको,
१०. वडा दशै २०७५ को अवसरमा होल्तारामा विशेष साँस्कृतिक तथा खेलकुद प्रतियोगित संचालन गरी परम्परागत चाडबाडलाई संरक्षण, सवर्धन र मनोरन्जको रुपमा विकास गर्ने कामको थालनी गरिएको,
११. आ.व. २०७४÷०७५ को अवधिमा असीना पानीले क्षेती भएका पिडीत २५ घर परिवारलाई निःशूल्करुपमा ३ सय केजी गहुँको विउ वितरण गरेको,
१२. उत्पादमा बृद्धि गरी वडालाइ खाध्यान्नमा वडालाइ आत्म निर्भर बनाउने उद्देश्यले अन्य घर परिवारलाई पनि ७५ प्रतिशत अनुदानमा गहुँको विउ वितरण गरेको,
१३. रुकुम पश्चिमको जील्ला समन्वय समितिको निर्णय अनुसार वडामा मदिरा तथा जुवा तास जस्ता अनैतिक कृयाकलाप लाई नियन्त्रण गर्नको लागी टोल टोलमा जनचेतना मुलक गोष्ठी, भेला–याली,नारा जुलुको मार्फत जनतामा सचेतना फैलाउने अभियान संचालन गरिएको,
१४. वडामा रहेका सम्पुर्ण विद्यालयका  प्रधानध्यापक, विद्यालय व्यबस्थापन समितिका अध्यक्ष,अविभावक संघका अध्यक्ष र जनप्रतिनिधिहरुको सयुक्त बैठक बसी आगामि दीनको भर्नाको लागी घरदैलो अभियान सञ्चालन गर्ने निर्णय गरि जिम्मेवारी बाँडफाँड गरी भर्ना अभियान, २०७६ भव्य रुपमा संचालन गरियो,
१५. वडाको दुई ठाउँमा ३ सयवटा बाख्रा र भेडाहरु लाई निशुल्क वि वि आर भ्याक्सीन लगाउने व्यवस्था मिलाइएको,
१६. टोल टोलमा गएर आ.व.२०७६÷७७ को लागी बस्ती स्थर बाट योजना छनोट गर्ने अभियान सञ्चालन गरेको
१७. वडामा निशुल्क अस्थायी परीवार नियोजन सेवा इम्प्लान्ट तथा आ.यु.सि.डी सेवा सम्बन्धी १ दीने सीविर सञ्चालन गरीएको थियो भने उक्त सिविरबाट ८ जना महिलाले इम्प्लान्ट राखे भने १ जना महिलाले इम्प्लान्ट निकालेका थिए । अन्य महिला दिदी बहिनीहरुले यस परिवार नियोजन सम्बन्धि साधानको बारेमा परामर्श लिएका थिए,

१८. वडामा बाल भेला गरेर वडा स्थरीय १९ सदस्य बाल सञ्जाल गठन गरेको,
१९. जातीय छुवाछुत मुक्त नगरपालीका घोषणाको गाली वडा स्थरीय भेला तथा अन्तरकृया कार्याक्रमको आयोजना गरी सचेतता फैलाउने काम गरेको,
२०. आगामी आ.व.को लागि टोल टोलबाट संकलन भएका योजना तथा कार्यक्रमा सत्य तथ्यता बुझ्न वडा कार्यालयबाट योजना तथा कार्याक्रमको स्थलगत अनुगमन तथा निरिक्षण गरिएको,
२१. वडा स्थरीय योजना छनोटको लागी वडा भेला गरी योजनाहरुको प्राथामिकरण गरी नगरपालिकामा स्वीकृतीको लागि सिफारिस गरेको,
२२. हजार दिने बच्चाका आमाहरु लाई सरसफाई तथा पोषण सम्बन्धी एक दीने तालीम सञ्चालन गरेको,
२३. पन्जिकरण तर्फ आ.व. २०७५÷०७६ मा जन्म दर्ता ९४, मृत्यु दर्ता १६ जना, बसाइ सराइ दर्ता ४ र विवाह दर्ता २२ गरी जम्मा  १३६ जनाले सेवा लिएका थिय,
२४. आ व २०७५÷७६ को अवधिमा विभिन्न शीर्षकमा विभिन्न व्यक्तिलाई जम्मा  ३६० वटा सिफारीस  तथा प्रमाणितहरु दीएको,
२५. आ व २०७५/७६ को अवधिमा ५७ जना लाई नागरीकता पाउनको लागि सिफारीस गरीएको,
२६. सरकारले गरेका कामकाजको बारेमा जानकारी, परामर्श, छलफल तथा कामको जनताप्रति परादर्शिता र जवाफदेहिता बहन गर्न वडामा सार्वजनीक सूनाई कार्यक्रम सम्पन्न गरिएको,

आ.व. २०७६/०७७

(क) कार्यान्वयन भएका योजनाहरु

| क.सं. | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| (क) | खानेपानी | ५८,००,०००।- | |
| १ | कार्मी गाउँ टोल विकास संस्थामा एक घर एक धारा निर्माण | १०,००,०००।- | मुसिकोट नगरपालिका |
| २ | होल्तारा अदुवारी टोल विकास संस्थामा एक घर एक धारा निर्माण | ८,००,०००।- | मुसिकोट नगरपालिका |
| ३ | वडामा एक घर एक धारा निर्माण | ४०,००,०००।- | प्रदेस सरकार |
| (ख) | लघु जलविद्युत | ६,००,०००।- | |
| १ | चुनखोला पहिलो र दोस्रो लघुजलविद्युत आयोजना मर्मत र फलामे पोल खरिद | ६,००,०००।- | मुसिकोट नगरपालिका |
| (ग) | भवन तथा शौचालय निर्माण | ६,५०,०००।- | |
| १ | वल्चौरमा प्रगतिशिल महिला समूहको लागि भवन निर्माण | ३,००,०००।- | मुसिकोट नगरपालिका |
| २ | वडामा ३ वटा शौचालय निर्माण तथा सचेतना केन्द्रको भवन मर्मत | ३,५०,०००।- | मुसिकोट नगरपालिका |

| क्र. सं. | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| (घ) | शिक्षा | ७,००,०००।- | |
| | १ सुर्योदय आ.वी. होल फर्निचर खरिद तथा विद्यालय मर्मत | १,००,०००।- | मुसिकोट नगरपालिका |
| | २ कृष्ण आ.वी. लिउँडाँडा विद्यालय मर्मत | ५०,०००।- | मुसिकोट नगरपालिका |
| | ३ हिलको विद्यालयमा खेलमैदान निर्माण तथा शौचालय निर्माण | ३,००,०००।- | मुख्यमन्त्री रोजगार |
| | ४ होलको विद्यालया शौचालय निर्माण | २,५०,०००।- | मुसिकोट नगरपालिका |
| (ङ) | सडक तथा गोरेटो बाटो | २३,००,०००।- | |
| | १ चोखाबाङ्ग बल्चौर सडक निर्माण | २०,००,०००।- | प्रदेस सरकार |
| | २ चुनखोला अदुवारी गोरेटो बाटो पि.सी.सी. | ३,००,०००।- | प्रधान्मन्त्री रोजगार |
| (च) | विविध | ४८,५०,०००।- | |
| | १ युवा तथा खेलकूद | १,५०,०००।- | मुसिकोट नगरपालिका |
| | २ किसानलाई उन्नत जातको मकैको विउ वितरण | १,००,०००।- | मुसिकोट नगरपालिका |
| | ३ अलेचि पकेट निर्माण तथा संचालन | ९,००,०००।- | प्रधान्मन्त्री कृषी आधुनीकरण |
| | ४ मसला खेती कार्यक्रम | १०,००,०००।- | प्रदेश सरकार |
| | ५ चोखाबाङ्गमा सिंचाई निर्माण योजना | २,००,०००।- | मुख्यमन्त्री रोजगार |

| | | | |
|---|---|---|---|
| 4 | d:nf vl]tL sfo{qmd | 10,00,000M- | klb]z :/sf/ |

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजन भएको बजेट रु. | बजेट विनियोजन गर्ने निकाय |
|---|---|---|---|
| ६ | सहकारी नमूना गाउँ कार्यक्रम संचालन | २५,००,०००।- | प्रदेस सरकार |

**आ.व. २०७५/०७६ मा जम्मा १,४९,००,०००।- बजेटमा कार्यान्वय भएका जम्मा योजना १८ वटा**

## (ख) वडा कार्यालयको सक्रियतामा आ.व. २०७६÷०७७ मा भएका कामको संक्षिप्त विभरण

१. आ.व. २०७६÷०७७ को अवधिमा ९ नं. वडाका लागि विभिन्न निकायबाट विनियोजित जम्मा १,४९,००,०००।– बजेटबाट १८ वटा योजना कार्यान्वय गरिएको,

@= मुसिकोट नगरपालिका वडा नं. ९ को वडा समितिले मिति २०७६/०७/२८ गते गरेको निर्णय अनुसार मुसिकोट नगरपालिका ९ नं. वडा कार्यालयको आयोजना तथा मुसिकोट नगरपालिकाको पशु सेवा शाखा, चौखाबाङ स्वास्थ्य चौकी र सुनौलो परिवार नेपालको रुकुम (पश्चिम) शाखाको सहयोगमा मिति २०७६ मंसिर ०८ गते आइतवार देखि मिति २०७६ मंसिर १२ गते बिहिवार सम्म वडाका विभिन्न स्थानहरुमा एकीकृत घुम्ती सेवा अभियान 2076 सम्पन्न गरिएयो जस्मा प्रदान गरिएका सेवाको विभरण निम्नलिखित रह्यो ।

सेवाहरुको संक्षिप्त विवरणः

1. २८६ जना जग्गा धनीहरुले घरजग्गाको (मालपोत र सम्पत्ती) कर बुझाएका छन् जसबापत कर संकलन रु १,२८,५४९।- (एकलाख अट्ठाइस हजार पाँच सय उनन्नपचास रुपिया) भएको छ,
2. २ जनाको सामाजिक सुरक्षा भत्ता पाउनको लागि निवेदन संकलन गरिएको छ,
3. १५ जनाले विभिन्न व्यक्तिगत प्रमाणित तथा सिफारिशहरु प्राप्त गरेका छन भने ५ जना बच्छाहरुको जन्म दर्ता गरी प्रमाण पत्र प्रदान गरिएको छ जसबाट सेवा शूल्क बाफतको राजश्व रु. २,०७०।- (दुइ हजार सत्तरी रुपिया) संकलन भएको छ,
4. विभिन्न टोलमा गरी २४४ जना बिरामीहरुको निःशूल्क स्वास्थ्य चेकजाँच गरी औषधी वितरण गरिएको छ भने अन्य उपस्थित व्यक्तिहरुलाइ स्वास्थ्य सम्बन्धी सल्लाहरु दिइएको छ,
5. १४० जना कृषकका ६७० वटा पशु चौपायहरुको चेकजाँज गरी निःशूल्क औषधी वितरण गरिएको छ भने २५ वटा बोका र २ गोरुहरुको बन्ध्याकरण (castration) गरिएको छ,
6. १२ जना महिलाले नरपलान्ट राखेको र १ जनाको नरपलान्ट निकालिएको छ भने ६० जना महिलालाइ परिवार नियोजनका अस्थाइ साधनको बारेमा परामर्श दिइएको छ,
7. एकिकृत घुम्ति सेवा अभियान २०७६ मा सहभागी मुसिकोट नगरपालिका वडा नं. ९ का सबै टोलका बासिन्दाहरुलाइ वडा कार्यालयबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी सेवा लिने प्रक्रिया र आवश्यक पर्ने कागजात र ति कागजात लिइ सकेपछि आवश्यक पर्ने सेवा शूल्कको बारेमा जानकारी गराइएको छ ।

३. वडा कार्यालयको सक्रियतामा आ.व. २०७६।७७ को अवधिमा राजश्व संकलन जम्मा रु. २,१२,१८०।– गरी नगरपालिकाको संचित मूल खातामा रकम जम्मा गरिएको,

४. पन्जिकरण तर्फ आ.व. २०७६÷०७७ मा जन्म दर्ता ४९, मृत्यु दर्ता ९, बसाइ सराइ दर्ता १, विवाह दर्ता १२, सम्बन्ध विच्छेद दर्ता १ गरी जम्मा ७२ जनाले सेवा लिएका थिय, भने सामाजिक सुरक्षा भत्ता पाउनको लागि १२ जनाले दिएको निवेदन दर्ता गरिएको थियो,

५. आ व २०७६÷७७ को अवधिमा विभिन्न शीर्षकमा विभिन्न व्यक्तिलाई जम्मा ४२२ वटा सिफारीस तथा प्रमाणित दीइयो,

६. आ व २०७६।७७ को अवधिमा ३८ जना लाई नागरीकताको सिफारीस गरीयो थियो भने १३ जना छोरीहरुको छोरी सुरुक्षा कार्यक्रममा सहभागि हुन दिएको निवेदन संकलन गरी नगरमा दर्ताको लागि सिफारिस गरिएको थियो,

७. वर्षातको समयमा आवात जावातमा समस्या भएपछि काउलेखोला र चुनखोलामा गरी दुई काठेपुल निर्माण गरेको,

८. सामाजीक सुरक्षा भत्ता प्राप्त गर्ने लापग्राहिको नाम नविकरण गर्न वडाका विभिन्न टोलहरुमा अभियान संचालन गरेको,

९. वडाको टोल टोलमा गई सरकारी तथा गैरसरकारी निकायमा दर्ता भएका विभिन्न समुह,संस्था.समिती लगाएका संस्थाका पदाधिकारीहरु सगँ सयुक्त बैठक तथा भेला गरि समुह, संस्था, समितिको वर्तमान अवस्था बारे जानकारी लिएको,

१०. मिक नेपाल र वडा कार्यालयको सयुक्त आयोजनामा वडामा रहेका सबै विद्यालयहरुमा अविभावक भेला गरेको,

११. अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा वडामा विद्यालय स्थरीय विविध प्रतियोगीतात्मक कार्यक्रम संचानल गरेको,

१२.वडामा रहेका सम्पुर्ण सरकारी कार्यालयहरुमा प्रविधि मैत्रि बनाउन डिजिटल हाजीर,कम्प्युटर,प्रिन्टर वितरण गरी कम्प्युटर सीस्टमा कामकाजको व्यवस्थीत गर्न सुरुवात गरेको,

१३. वडामा रहेका ७५ वर्ष माथीका दलित जेष्ठ नागरीक र अन्य ८० वर्ष माथीका जेष्ठ नागरीक गरी जम्मा १३ जना लाई सम्मानस्वरुप एक एक वटा बलाङ्केट विवरण गरेको,

१४. वडामा रहेका विद्यालयहरुमा महिनाको एक पटक अनीवार्य रुपमा जनप्रतिनिधि मार्फत अनुगमन गर्ने र दुई दिन भीत्र रीपोर्ट वडा कार्यालयमा बुझाउने निति लागु गरीएको,

१५.वडाको कामीगाउँ टोल विकास संस्था लाई मदीरा मुक्त टोल घोषणा गरेको

१६. वडामा रहेका ३० जना सुनौलो हजार दिन भित्रका बच्छाका आमाहरुलाई पोषिलो झोला वितरण गरेको,

१७. वडामा निशुल्क खकार चेक जाचँ गर्ने एक दिने शिविर सन्चालन गरेको,

१८. वडाको दुई ठाउँमा १८५ वटा भेडा बाख्राहरु लाई निशुल्क वि पि आर भ्याक्सीन लगाउने व्यबस्था मिलाएको,

१९. दादुरा रुवेला खोपको लागी जनप्रतिनिधि र स्वयमसेविकाहरु लाई एक दिने अभिमुखिकरण कार्याक्रिम संचालन गरेको,

२०. वडाका ३१० घर परीवार लाई ११२० के.जी. मकैको विउ निशुल्क रुपमा वितरण गरेको,

२१. वडामा रहेका वेरोजगार व्यक्तिहरु लाई प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगारमा कार्यक्रममा सहभागी गराई

२२. विश्वभरि महामारिको रुपमा फैलिएको नोभेल कोराना भाइरस (कोभिड १९) बाट वडाका नागरिकलाई सचेत गराउन, नेपाल सरकारले लकडाउन गरे पछि भोक र रोग दुबैबाट नागरिकलाइ बचाउन ९ नं. वडाले कोरोना भाइरस सँग लक्षित रहेर संचालन गरेका गतिविधिहरुः

१. नोवेल कोरोना भाईरस बाट वडाका नागरिक बचाउन तथा सचेतता फलाउने उद्देश्यले नागरिकका घर घरमा पुगेर १६०० पिस माक्स र १७२८ पिस साबुन निशूल्क रुपमा वितरण गरियो,
२. नोवेल कोरोना भाईरस बाट बच्नको लागी अपनाउनु पर्ने कुराहरु उल्लेख गरीयको चिठ्ठी वडाका प्रत्येक घरघरमा वितरण गरेको,
३. नोवेल कोरोना भाईरस बाट बच्नको लागी नेपाल सरकारले चैत्र ११ गते देखि लागु गरेको लक डाउन लाई कार्यान्विय गर्न गाउँ गाउँ तथा टोल टोलमा गएर माइकिङ मार्फत सचेतना फैलाउनुका साथै वडा बाट बाहिर जान र बाहिर बाट वडामा प्रवेश गर्नमा रोक लगाउने काम गरेको,
४. नोवेल कोरोना भाईरस बाट बच्नको लागी अपनाउनु पर्ने कुराहरुको बारेमा रेडियो मार्फत सचेतना फैलाउने किसिमका कार्यक्रम संचालन गर्ने व्यबस्था मिलाएको,
५. वडामा रहेका श्रमिक तथा विपन्न ४४ घर परीवार र सिलतपोखरी झुल्खेत चुन्वाङ सडकमा काम गर्ने कामदारहरु १५ जना लाई राहात स्वरुप १३ सय के.जी. चामल, १२५ के.जी. दाल, ९२ लिटर तेल र ८४ पोका नुन वितरण गरेको,
६. कोरोना भाइरसलाई लक्षित गर्दै विरामी खोज्दै घर घरमा वडा सरकार भन्ने वडामा अभियान सन्चालन गरी स्वास्थ्य कर्मी सहित घरघरमा गएर वडा बासीहरुको स्वास्थ्य अवस्था र अन्य समस्याको बारेमा बुझने काम गरेको,
७. वडा बासिलाई दैनिक उपभोग्य बस्तुहरु खरिद गर्ने क्रममा पसलमा गयर भिडभाड गर्दा कोरोना भाइरस सङ्क्रमणको जोखिलाई मध्यनजर गरेर आवश्यक खाद्यन्न आपुर्तिको व्यवस्था गर्नुका साथै ढुवानी गरे वापत लाग्ने रकम वडा कार्यालयले व्यहोर्ने व्यबस्था मिलाएको,
८. वडा बाट जील्ला बाहिर तथा देश बाहिर गएकाको विवरण अध्यावधिक गरेको,
९. वडामा रहेको बाँझो जग्गाको विभरण संकलन गरेको,
१०. टोल टोलमा १०÷१० जनाको सहकार्य समुह हरु गठन गरी परीचानल गरेका,
११. जील्ला तथा देश बाहिर बाट बाउने व्यक्तिहरुको लागी प्रत्येक विद्यालयहरुमा क्वारेन्टाईन निर्माण गरी व्यवस्थापन गरेको ।

# तस्वीर आफै बोल्छ





मुसिकोट नगरपालिका वडा नं. ९ होल्तारामा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीलाई भत्ता वितरण गर्दै वडा अध्यक्ष नविन ओली


मुसिकोट नगरपालिका वडा नं. ९ को प्रख्यात मयुर नाच




मुसिकोट नगरपालिका वडा नं. ९ मा रहेको हिमशिखर युवा क्लबको प्रथम बार्षिकोत्सवको उद्घाटन समारोहमा सम्बोधन गर्दै नगर उपप्रमुखज्यू



वडाको अगुवाईमा संचालन भएको एकीकृत घुम्ती सेवा अभियान, २०७४




# वडा कार्यालयमा जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम






मुसिकोट नगरपालिका वडा नं. ९ को वडा कार्यालयमा मुसिकोट नगरपालिकाको
सामिजक वकास समिति तथा शिक्षा शाखा, वडाका जनप्रतिनिधि, विधालय व्यवस्थापन
समितिका पदाधिकारी, प्रअ, शिक्षकहरु लगायत शिक्षासग सम्बद्ध सम्पूर्ण व्यक्तीहरुसँग
शिक्षा सम्बन्धि अन्तरक्रिया कार्यक्रममा





शिक्षालाई गुणस्तरीय बनाउनको लागि मुसीकोट नगरपालिक
वडा नं ९ को वडास्तरीय सरोकारवालाहरुको संयुक्त प्रतिबद्धता
मिति: २०७५/
विद्यार्थी प्रतिबद्धता
१-विद्यालय हाता भित्र, बाहिर अनुशासनमा बसिने छ ।
५- विद्यालय हाता भित्र वा बाहिर जङ्क फुडको प्रयोग गरिने छैन ।
६-विद्यालय भित्र वा बाहिर लामो कपाल नङ पाल्ने, रङ लगाउने, छात्राहरुले अनावश्यक शृङ्गार सामाग्री प्रयोग गर्ने तथा कुलतमा लाग्ने खालका गतिविधि गरिने छैन ।
शिक्षक/कर्मचारी प्रतिबद्धता
१-प्रत्येक दिन विद्यालय पोशाकमा समय भित्रै उपस्थित भई पुरा समय आफ्नो जिम्मेवारी पूरा गरिने छ ।
२-विद्यालयमा वार्षिक, साप्ताहिक तथा दैनिक कार्ययोजना तयार गरि शिक्षण गरिने छ ।
३-आफ्नो जिम्मेवारी छोडेर कक्षा खाली गरि अनावश्यक गफ गर्ने, मोबाइल चलाउने, खेल खेल्ने आदी जस्ता कार्य गरिने छैन ।
४-आफ्नो विषयको नियमित गृहकार्य दिने र परीक्षण गर्ने कार्य गरिने छ ।
५-विशेष परिस्थिती बाहेक बिदामा बस्नु पर्दा अघिल्लो दिन नै लिखित जानकारी गराई स्वीकृत लिएर मात्र बसिने छ । अन्यथा गएल भएको दिनको तलब कट्टी गरि विद्यालयको कोषमा रकम जम्मा गरिने छ ।
६-प्रत्येक शुक्रबार १ बजे पछाडी अतिरिक्त क्रियाकलाप गराउनुको साथै सरसफाईलाई पनि जोड दिइने छ ।
७-नेपाल सरकारको पाठ्यक्रमलाई अनुशरण गरि सोहि अनुरूप शिक्षण गरिने छ ।
वि.व्य.स./शि.अ.संघ/अभिभावक प्रतिबद्धता
१-वि.व्य.स./शि.अ.संघ तथा अभिभावकको नियमित बैठक बोलाइने छ ।
२-वि.व्य.स./शि.अ.संघ तथा अभिभावकको बैठकको निर्णयहरु कार्यान्वयन गर्ने/गराईने छ ।
३-विद्यालयले बोलाएको बैठकमा तोकिएको समयमै अनिवार्य उपस्थिती हुने छ ।
४-विद्यालयको व्यवस्थापनको पाटोलाई सक्दो सुधार गरिने छ ।
५-शिक्षक, विद्यार्थी तथा विद्यालय परिवारमा अनुशासन कायम गराउनुको साथै विद्यालय हाता भित्र मदिरा तथा लागु पदार्थजन्य वस्तु सेवन गरेको पाइएमा कडा कार्वाही गरिने छ ।
६-शैक्षिक कार्य योजना अनुरूप क्रियाकलाप भए नभएको साथै घरमा आफ्ना बच्चाहरुको गृहकार्य तथा नियमित विद्यालयको उपस्थितीलाई समेत अनुगमन गरिने छ ।
राजनैतिक दल/जन प्रतिनिधिहरुको
१-नियमित रुपमा विद्यालयका गतिविधिहरुको अनुगमन गरिने


नागरिकलाई वर्षातको समयमा खोला वारपार गर्न समस्या
भए पछि वडाको सक्रियतामा काठेपुलहरु निर्माण हुँदै






परिवार नियोजन सम्बन्धि अभिमुखिकरण कार्यक्रम



मुसिकोट नगरपालिका वडा नं. ९ का विभिन्न बस्तिमा वर्षातको
समयमा गएको बाढी पहिरोले पुर्याएको क्षतिको सत्य तथ्य विभरण बुझ्न
स्थल गत अनुगमन तथा निरिक्षण गर्न पुग्नु भएका जनप्रतिनिज्यूहरु




हिन्दूहरुको महान चाड विजया दशै तथा शुभ दिपावलीको अवसरमा होल्तारामा विविध खेलकूद प्रतियोगिता र साँस्कृतीक कार्यक्रम हुँदै गर्दा




वडाको अगुवाईमा एकीकृत घुम्ती सेवा अभियान, २०७५ संचालन हुँदै गर्दा














वडाको अगुवाइ र अन्य सहयोगि निकायको सहयोगमा वडाका विभिन्न टोलहरुमा आयोजना भएको एकीकृत घुम्ती सेवा अभियान २०७६ को अवसरमा संचालन गरिएका क्रियाकलापका केही झलकहरु




शिक्षा दिवसको अवसरमा आयोजित कार्यक्रम संचालन गर्दै वडा सचिव टेक बहादुर रोकाय



जेष्ठ नागरिकलाई सम्मान स्वरुप फाइबर सिरक वितरण गर्दै वडा अध्यक्ष नविन ओली


मुसिकोट नगरपालिका वडा नं. ९ को वडा कार्यालयसम्म आउने सेवा ग्राही
हिड्ने बाटोमा वर्षातको समयमा पहिरो गय पछि युवाहरुको सहयोगमा पहिरो
पन्छाउन कोसिष गर्दै वडा अध्यक्ष नविन ओली


EVERGREEN




प्रदेस सरकारको योजना अनुसार नमूना सहकारी गाउँ निर्माण अन्तर्गतको
कार्यक्रम कामी बुढा जनस्मृती सहकारी सं. ली. ले भैसिपालनको लागि खरिद
गरी ल्यायका भैसीहरु







वडामा टोलहरुबाट संकलन भएका योजनाहरु प्राथमीकरण गरी नगरपालिकामा स्वीकृतीको लागि सिफारिस गर्न आयोजना गरिएको वडा भेलाका सहभागीहरु




सासु बुहारी अन्तक्रिया कार्यक्रममा सहभागी सासु बुहारीहरु




सहकारी नमूना गाउँ स्थापनाको लागि आयोजित तालिमका सहभागीहरु


वडाका किसानले विउ अनुदानमा खरिद गरेर लगाएको सीमी र काक्राहरु






वडाले आयोजना गरेको जातिय छुवाछुत मुक्त वडा घोषणा समारोहमा सहभागी व्यक्तीहरु




वडाका बासिन्दाहरुको पिरमर्का, समस्या र गुणासोहरुको बारेमा जानकारी लिन
घरदैलो कार्यक्रममा सहभागी वडा अध्यक्ष र वडाका जान्नेमान्य बुद्धीजीवि
व्यक्तीत्वहरु




वडामा विभिन्न निकायबाट विनियोजित बजेटबाट निर्माण हुँदै गर्दाको सडकको दृष्य


वडाको पारदर्शिता र जवाफदेहिताको लागि सार्वजनीक सुनूवाइ
कार्यक्रम, २०७६
सुशासनका लागि सार्वजनिक सुनुवाई




तीज, शिक्षा तथा बाल दिवशको अवसरमा आयोजित विविध कार्यक्रमका सहभागीहरु





प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी युवाहरु



वडाका योजना अनुगमनको क्रममा नगरउपप्रमुखको टोली






लैङ्गीक हिंसा विरुद्धको कार्यक्रमा सहभागी व्यक्तीहरु










वडाका नागरिकलाइ कोरोना भाइरसबाट बचाउन प्रत्येक व्यक्तिहरुलाइ १ वटा मास्क र १ वटा साबुन वितरण गर्दै वडा कार्यालय






कोरोना भाइरसको सङ्क्रमण नेपालमा पनि पुष्टी भए पछि नेपाल सरकारले गरेको लकाडाउनको प्रभावले साँझ विहान छाक टार्न समस्या भएका मजुदुरहरुलाइ वडा कार्यालयले राहात वितरण गर्दै

# धन्यबाद